# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

पत्र संख्या :- म. १०/२०८०/८१
चलानी नं :- ६३५६१

मिति २०८१।०३।१२
११४४ टंगाल, पञ्चमी

शासकीय मामिला सचिवालय
दर्ता नं. ९००१
मिति: ३।१६

विषयः- सुझाव सम्वन्धमा।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. :- ८३८२
मिति :- ०८१।०३।१३

Gov Div.
please do the needful / update the progress

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौ ।

सरकारका तिनै तहबाट परामर्श सेवा खरिद गर्दा Routine प्रकृतिको सामान्य कामको लागि समेत प्राविधिक पक्षलाई वढी Weightage (Technical: Financial = ९०:१०) दिई निश्चित फर्मलाई लक्षित गरी योग्यताका आधार प्रस्ताव गर्ने र प्रतिस्पर्धा सीमित गर्ने गरेको विषयका उजुरीहरू आयोगमा दर्ता भई छानबिनको क्रमसा रहेका छन्। सार्वजनिक खरिद ऐन, २०६३को दफा ३१(४)मा प्रस्ताव छनौट विधिहरू उल्लेख गरिएको र सोही दफाको उपदफा (५) मा "खरिद गर्नुपर्ने परामर्श सेवाको प्रकृति असामान्य रूपले जटिल भएको वा त्यस्तो सेवाले राष्ट्रिय अर्थतन्त्र वा भावी परियोजनामा उल्लेखनीय प्रभाव पार्न सक्ने अवस्थामा प्रस्ताव छनौट पूर्णतः गुणस्तर विधिको आधारमा तोकिए बमोजिम गर्न सकिने" भन्ने प्रावधान रहेको छ। प्रस्ताव छनौट गर्ने विधिको सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४को नियम ७१ को उपनियम ४ देहाय (क) मा गुणस्तर र लागत विधि अपनाइ प्रस्ताव छनौट गर्दा कामको प्रकृति र जटिलता अनुसार प्रस्ताव मूल्याङ्कनको अङ्कभार निर्धारण गर्ने विषय उल्लेख गरिएको छ। जस अनुसार प्राविधिक प्रस्तावको कूल अङ्कभार ७० देखि ९० प्रतिशत र आर्थिक प्रस्तावको अङ्कभार ३० देखि १० प्रतिशत सम्म हुने गरी निर्धारण गर्न सकिने प्रावधान रहेको छ।

सडक निर्माण कार्यको सुपरभिजन तथा व्यवस्थापन, सहरी पूर्वाधारको पूर्व सम्भाव्यता र सम्भाव्यता अध्ययन, नियमित र सामान्य प्रकृतिका खानेपानि तथा ढल निकास योजनाको अध्ययन जस्ता कार्यको परामर्श सेवा खरिदमा समेत प्रस्ताव छनौट गर्न गुणस्तर र लागत विधि अपनाउँदा प्राविधिक पक्षलाई कम weightage दिंदा पनि भरपर्दो परामर्शदाता छनौट हुन सक्ने अवस्था रहने भएता पनि नेपाल सरकार र कतिपय दातृ निकायको सहयोगमा सञ्चालित परियोजनाको Project Documentमा नै परामर्श सेवा खरिद गर्दा प्राविधिक र आर्थिक पक्षलाई क्रमशः ९०% र १०% weightage दिने व्यवस्था भएको पाइएको र सो कारणले परामर्श सेवा खरिदमा सार्वजनिक खरिदको मूलभूत सिद्धान्त प्रतिस्पर्धा, मितव्ययिता तथा सार्वजनिक खर्चको अधिकतम

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

पत्र संख्या :-

चलानी नं. :-

प्रतिफल हासिल गर्ने मर्म विपरीत निश्चित फर्मलाई लक्षित गरी योग्यताका आधार प्रस्ताव गर्ने र प्रतिस्पर्धा सीमित गर्ने गरेको र अन्ततः नेपाल सरकारलाई हानी नोक्सानी हुने गरी परामर्श सेवा खरिद भएको देखिएकोले "सार्वजनिक खरिद ऐन, २०६३को दफा ३१(४) र नियमावली, २०६४को नियम ७१ को उपनियम ४ देहाय (क) बमोजिम गुणस्तर र लागत विधि अपनाइ परामर्श सेवा खरिद गर्न प्रस्ताव छनौट गर्दा उक्त ऐन र नियमावलीमा उल्लिखित प्रावधानको सीमा भित्र रही विशिष्टिकृत योग्यता र क्षमता आवश्यक भएका विज्ञको सेवा लिनुपर्ने ठुला र जटिल प्रकृतिको पूर्वाधारको अध्ययनमा मात्र प्राविधिक प्रस्तावको अङ्कभार तोकिए बमोजिमको अधिकतम सीमा सम्म कायम गर्ने र त्यसरी प्राविधिक प्रस्तावको अङ्कभार अधिकतम सीमा सम्म कायम गर्दा सार्वजनिक निकायले सो कुराको स्पष्ट आधार र कारण उल्लेख गरेर मात्र गर्ने व्यवस्था मिलाउने" भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को (१) बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय मार्फत नेपाल सरकारका सबै मन्त्रालय र ७ वटै प्रदेश सरकारमा लेखिपठाउने भनी आयोगको मिति २०८१।०३।१२ गते निर्णय भएकोले आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

<u>सादर अवगतार्थ:</u>

माननीय प्रमुख आयुक्तज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
माननीय आयुक्तज्यूहरूको सचिवालय (सबै), अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
श्रीमान् सचिवज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग।

२०८१/०३/१२

(नरहरि घिमिरे)
सहसचिव